म.नि. प्र. का. द.नं. : १७६ / ०६८, वर्ष ११, अंक १५४ मंगलबार, २७ पुस २०७८ नवमी ने. सं. ११४२ पोहेलाख्व 11 January, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

अब महिलाहरुको लागि महिला रोग विशेषज्ञ
डा. ज्योति मुडकरी मात्र देउराली फर्मामा
त्यसैले आज नै सम्पर्क गरौं
सम्पर्कः देउराली फर्मा
फोन: ०५७-२५८६३, ९८६५०१२५८८
९८४५८८३५३३
साथै हामीकहाँ दैनिक हार्ड जोर्नी तथा नशा रोग विशेषज्ञ डाक्टरको पनि उपलब्ध छ ।

ट्याक्टरमा व्यापार: बारा जिल्लाको जितपुर-सिमरा उपमहानगरपालिकाबाट काठुली बिक्रीका लागि हेटौंडा आएका एक व्यापारी । मकवानपुरको उत्तरी क्षेत्र थाहा नगरपालिकामा काठुली उब्जनी बढी हुने भएपनि तराई क्षेत्रबाट तरकारी बिकी बढेको छ । *तस्वीर: प्रतीक्षा न्यौपाने/साझाकुरा*

मास्टर चोकबाट ६ जना लागूऔषधसहित पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-९ मास्टर चोकबाट अवैध लागूऔषध सहित ६ जना पकाउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरको टोलीले लागूऔषध सहित ६ जनालाई पकाउ परेको हो । प्रहरीले हेटौंडा उपमहानगर पालिका-९, मास्टरचोकबाट अवैध लागूऔषधसहित ६ जनालाई पकाउ परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक राजकुमार सापकोटाले जानकारी दिए ।

पकाउ परेंहरुमा सुनसरी घर भइ हाल हेटौंड-९ मास्टरचोकस्थित शंकर केसीकी घरमा डेरा मरी बस्ने २५ वर्षीय विशाल बिक, सोही ठाउँ बस्ने २० वर्षीय राज खत्री, २३ वर्षीय रोमन थापा मगर, २१ वर्षीय निरन राई, २२ वर्षीय प्रजेन महर्जन र हेटौंडा-१० बस्ने १८ वर्षीय सुमितकुमार बानियाँ रहेका छन् ।

उनीहरुलाई इलाका प्रहरी कार्यालय पशुपतिनगर मकवानपुरबाट बटिएको प्रहरी टोलीले आइतवार पकाउ गरेको हो । विशेष सूचनाको आधारमा पुरेको प्रहरी टोलीले उक्त घरमा बस्ने विशाल बिकको कोठा चेकजोच गर्दा नाइट्राजेपाम ९७ ट्याब्लेट, नेमाडोल १ सय ४८ क्यापसुल, स्टगन १६ ट्याब्लेट, सिओना २ सय १२ ट्याब्लेट र १६ ग्राम गाँजा बरामद गरेपछि निजहरुलाई पकाउ गरेको प्रहरी निरीक्षक सापकोटाले बताए ।

पकाउ परेका उनीहरुमाथि आवश्यक अनुसन्धानका साथै कानूनी प्रक्रया अगाडि बढाइएको मकवानपुर प्रहरीले जनाएको छ ।

सिबिनबाट किन भागे चार बालिका ?

साझाकुरा संवाददाता

हेटौंडा/सिबिन बाल हेल्पलाइन मकवानपुरमा परामर्शका लागि राखिएका चार बालिका आइतबार राती हराएका छन् ।

बाल हेल्पलाइनको कोठामा बसिरहेका चार बालिका आइतबार साँझ करिब सात बजे भगेका हुन् । ३ जना भगेर काठमाडौं पुगेका थिए भने एक बालिका मकवानपुरकै भीमफेदी पुगेकी थिइन् ।

काठमाडौं पुगेका बालिकालाई सिबिन बाल हेल्पलाइनको सहयोगमा प्रहरीले सोमबार दिउसो फेला पारेको छ । उनीहरु हाल बौद्ध प्रहरीको सुरक्षामित्र छन् । काठमाडौं पुग्नेमा भीमफेदी गाउँपालिका घर भएकी १३ वर्षीया, बकैया गाउँपालिकाकी १६ वर्षीया र हेटौंडा उपमहानगरपालिकाकी १५ वर्षीया बालिका रहेका छन् ।

सिबिन बाल हेल्पलाइन मकवानपुरका कार्यक्रम संयोजक झविन्द्र ज्ञवालीले उनीहरु परामर्शका लागि बसेको कोठा फुटाएर भागेको जानकारी दिए । उनका अनुसार मकवानपुरगढी गाउँपालिका घर भएकी १५ वर्षीया बालिका भने भीमफेदी पुगेकी थिइन् ।

उनीहरु चारैजना मिलेर योजनाबद्ध ढंगले भागेको ज्ञवालीको भनाई छ । बकैया र हेटौंडाकी बालिका बर्वजस्तीकरणी घटनाका पीडित हुन् । उनीहरुलाई विगत चार दिनदेखि बाल हेल्पलाइनमा मनोसामाजिक परामर्शका लागि राखिएको थियो ।

मकवानपुरगढीकी बलिका बालविवाह घटनाकी हुन् । विगत सात दिनदेखि हेल्पलाइनमा बस्दै आएकी उनी भागेर भीमफेदीस्थित केटाको दिदीको घर पुगेको ज्ञवालीले जानकारी दिएका छन् । भीमफेदी गाउँपालिकाकी बालिका भने लागूऔषध पदार्थ दुर्व्यसनी घटनाकी हुन् । उनलाई परिवारले परामर्शका लागि हेल्पलाइनमा राखेको थियो । हेल्पलाइनमा परामर्शका लागि रहेका ५ बालिकामध्ये चार जना भागेका थिए भने एक बालिका नभागेको कार्यक्रम संयोजक ज्ञवालीले जानकारी दिएका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक निमित्त प्रवक्ता राजकुमार सापकोटाले हेल्पलाइनको गेटको ताल्चा फोडेर भागेको बताए । 'हामीलाई जानकारी आए अनुसार बालिकाहरु ताल्चा फुटाएर भागेका रहेछन् । तीन जनालाई काठमाडौंको बौद्ध प्रहरीले फेला पारेर सुरक्षा दिइरहेको छ ।,' सापकोटालो भने । सिबिनले बालिकाहरुलाई पुन: परामर्शका लागि ल्याउने की नल्याउने भन्ने बारे परिवारसँग छलफल गरेर मात्रै टुंग्याउने कार्यक्रम संयोजक ज्ञवालीले जानकारी दिएका छन् ।

सिबिनले पूर्ण सुरक्षासहित परामर्श दिइरहेका बालिका भाग्दा भने कमजोर सुरक्षाको आलोचना भएको छ । सिबिनले बसियो सुरक्षा दिन नसक्दा बालिकाहरु भागेको परिवारले जनाएको छ । सिबिनले भने बालिकाहरु भागुन्की कारण बारे अनुसन्धान गरिरहेको जनाएको छ ।

'बालिकाहरु भागुन्को कारणमाथि हामीले अनुसन्धान गरि रहेका छौं । उनीहरुलाई पर्याप्त ल्याएपछि थप खुल्ने छ । परिवारसँग छलफल गरेर अघि बढ्छौं ।,' ज्ञवालीले भने ।

दुर्गम क्षेत्रको विद्यालयमा चार कोठे भवन निर्माण

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको भीमफेदी गाउँपालिका-५ मा बाराही आधारभुत विद्यालयको ४ कोठे भवन तयार पारिएको छ ।

दुगर्म क्षेत्रमा बाराहीको ४ कोठे भवन ६८ लाख ८९ हजार लागतमा तयार पारिएको हो । भवनको सोमबार गाउँपालिका अध्यक्ष हिदम थामाले विद्यालय भवनको उद्घाटन गरेका छन् ।

आठ कक्षासम्म पठनपाठन हुने विद्यालयमा हाल एक सय जना विद्यार्थी अध्ययनरत् छन् । विद्यालय भवन उद्घाटन कार्यक्रममा उपाध्यक्ष पार्वती राना, ५ नम्बर वडा अध्यक्ष जहारसिं लामा, गाउँपालिकाको शिक्षा प्रमुख गोविन्द चौलागाई, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तिलक रेग्मीको पनि आतिथ्य रहेको थियो ।

विद्यालयमा ४ जना स्थायी दरबन्दीका शिक्षक छन् । एक जना राहत दरबन्दीका र एक जना गाउँपालिकाको बजेटमा नियुक्त गरिएको छ ।

बागमती प्रदेशको मुख्यन्याधिवक्तामा श्रेष्ठ नियुक्त

हेटौंडा (रासस)/ धादिङका श्याम श्रेष्ठ बागमती प्रदेशको मुख्यन्याधिवक्तामा नियुक्त भएका छन् ।

सोमबार उच्च अदालत पाटन इजलासका मुख्य न्यायाधीश नृपध्वज निरौलाले उनलाई शपथ गराएका हुन् । बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेको सिफारिसमा प्रदेश प्रमुख यादवचन्द्र शर्माले श्रेष्ठलाई नियुक्त गरेका हुन् ।

प्रदेश प्रमुख यादवले संविधानको धारा १६० को उपधारा (२) बमोजिम मुख्यन्यायाधीवक्ता नियुक्त गरेका थिए । त्यसैगरी मुख्य न्यायाधीश निरौलाले मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका सर्तसम्बन्धी ऐन २०७५ को दफा १४ बमोजिम मुख्य न्यायाधिवक्तालाई शपथ गराएका थिए ।

मुख्यमन्त्री पाण्डेको आरोप

'हेटौंडा औद्योगिक क्षेत्रबारे मन्त्रालयलाई ज्ञान छैन'

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले हेटौंडा औद्योगिक क्षेत्रलगायतको अवस्थाबारे संघीय मन्त्रालयलाई कुनै ज्ञान नै नभएको आरोप लगाएका छन् ।

उद्योग संघ मकवानपुरको २० औं वार्षिक साधारण सभालाई सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले संघीय मन्त्रालय बागमती प्रदेशभित्र दशकौंदेखि संचालित चार वटा औद्योगिक क्षेत्रबारे जानकार नभएको र बेवास्ता गरेको आरोप लगाएका हुन् ।

उनले ती औद्योगिक क्षेत्रको अवस्था सुधार गर्न काम संघीय मन्त्रालयको प्राथमिकतामा नपरेकोसमेत दाबी गरे । मुख्यमन्त्री पौडेलले संरक्षण नहँदा औद्योगिक क्षेत्रका जमिनहरु जंगलमा परिणत भएका छन् भने त्यसको अवस्था बुवा आमा नभएका टुहुरा सन्तानको जस्तो रहेको बताए ।

विगतमा प्रदेश सरकारको विषयगत मन्त्रालय पर्यटन र वनसँगै रहेकाले उद्योगका क्षेत्रमा खासै काम गर्न नसकेको उनको भनाइ छ । पर्यटन र वनका काम गर्न सजिलो हुँने भएकाले उद्योगतर्फ कुनै मन्त्रीहरुको ध्यान नगएको उनले बताए । ती उद्योगहरूको विषयमा काम गर्न मन्त्रालय विभाजन गरेर सम्बन्धित मन्त्रीहरुलाई जिम्मेवारी दिएको र यसबाट सम्बन्धित क्षेत्रहरुमा देखिने गरी प्रगति हुने उनले बताएका थिए ।

'बागमती प्रदेशमा ४ वटा औद्योगिक क्षेत्रहरू पर्छन् । ती औद्योगिक क्षेत्रको अवस्था आमाबुबा गुमाएका सन्तानको हालत जे हुन्छ त्यस्तै छ । आज भन्दा ३० औं वर्ष अघि जसले उद्योग खोल्छु भनेर जग्गा लिजमा लियो त्यो मान्छे अहिले कहाँ छ थाहा छैन तर उनीहरुकै नाममा त्यो जग्गाको स्वामित्व छ । बनमार । उम्रिसक्यो उद्योग बनाउने ठाउँमा बेहाल छ । त्यसको संरक्षण छैन । सिंहदरबारको मन्त्रालयलाई त्यो ज्ञान छैन ।' उनले भने ।

'खर्च बढ्छ भन्ने चिन्ता गरेर मन्त्रालय विभाजनको निर्णयको विरोध भइरहेको छ । मैले पनि देखेको छु । सरकारको ढुकुटी सञ्चित गरेर राख्नु हुँन । खर्च गरे तरल्ता अभाव कम हुन्छ । खर्च गरेर काम गरेर नतिजा लिने हो । अहिले बैंकमा गयो भने योजना राखो छु तर ऋण दिन सक्दिन भने जवाफ आउँछ । त्यो खर्च नगरेर भएको हो । आम्दानी बढाउने गरी सरकारले खर्च गर्नुपर्छ हामी त्यसैमा लागेका छौं,' मुख्यमन्त्री पाण्डेले भने ।

कृषि क्षेत्रलाई पनि उद्योगसँग जोड्दै नैजाने योजना अनुसार प्रदेश सरकारले हेटौंडा औद्योगिक क्षेत्र मित्रै एउटा प्रदेशस्तरको कृषि औजार तथा उपकरण उत्पादन कम्पनीको पनि स्थापना गर्ने तयारी गरेको उनले बताएका छन् ।

पहिलो लहरको कोरोनामा सरकार अक्षिएर पूर्ण रुपमा उद्योग बन्द गर्ने नीति ल्याएकै कारण आर्थिक अवस्था क्षतविक्षत भएको उद्योग संघ मकवानपुरका अध्यक्ष सेखरान पोखरेलले आरोप लगाए ।

'उद्योगी सङ्कमा आउने वातावरण सरकारले बताउँदा, उद्योगी मात्र मारमा पर्ने होइन । देशको समग्र आर्थिक अवस्थाने धरासायी बन्नेछ ।' उनले भने 'त्यसकारण महामारीमा पनि सरकारले सुरक्षित वातावरण बनाइ दिएर कम्तीमा ५० प्रतिशत क्षमतामा निरन्तर उद्योग संचालन हुने नीति बनाउन जरुरी छ ।'

प्याकुरेलको नेतृत्व सर्वसम्मत चयन

हेटौंडा/उद्योग संघ मकवानपुरको अध्यक्षमा स्वागतराज प्याकुरेल चयन भएका छन् ।

सोमबार सम्पन्न संघको २० औं साधारणसभाले प्याकुरेलको अध्यक्षमा १६ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको हो । संघको बरिष्ठ उपाध्यक्षमा बद्रीनाथ शर्मा, द्वितीय उपाध्यक्षमा श्रीहरि मास्के, महासचिवमा किशोर अर्याल, सचिवमा सुयसराज पराजुली, कोषाध्यक्षमा श्याम ढकाल र सहकोषाध्यक्षमा बुद्धराज अर्याललाई चयन गरिएको छ ।

यसैगरी सदस्यहरुमा सबिता पौडेल, सबिना सिटौला, हरिहर अर्याल, दिवस चौलागाई, शिरोमणि प्याकुरेल, सम्राट सिंह, श्रीजन केइरला, सरचन्द्र भट्टराई, नितिन जैन चुनिएका छन् ।

प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
बाखा विकास फार्म
चित्लाङ, मकवानपुर
बागमती प्रदेश

सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

सूचना नं. Goods/२/०७८-०७९
(चौथो पटक प्रकाशितमिति: २०७८/०९/हठ गते)

यस बाखा विकास फार्म चित्लाङको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस फार्ममा रहेका बाखा,भेटा तथा खराय़ोको व्यवस्थापनको लागि आहारा चोकर र दाना खरिद गर्नुपर्ने भएकाले उक्त खरिद कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र दरभाउपत्र फाराम फार्मबाट खरिद गर्न सकिने छ । साथै दरभाउपत्र दाखिला लगायतका अन्य जानकारी यस कार्यालयको सूचना पाटी वा वेभ साइट www.gdfchitlang.gov.np बाट प्राप्त गर्न सकिने छ ।

तपशिल:

क.सं.	सूचना नं.	आपुर्ति गर्नुपर्ने कामको विवरण	जमानत / धरौटी रकम रु.	दरभाउपत्र दस्तुर रु.	कैफियत
१	Goods/२/२०७८/०७९	१.चोकर २७००० के.जी. २. B2 दाना १००० के.जी. ३.भर्के दाना १००० के.जी. ढुवानी सहित	४५०००/-	१०००/-	सिलबन्दी दरभाउ खरिद गर्ने अन्तिम मिति २०७८/१०/०२ गते कार्यालय समय सम्म र सिलबन्दी दरभाउपत्र खोलिने समय मिति २०७८/१०/०२ गते समय दिउँसो ४ बजे पछी।

कार्यालय प्रमुख
बाखा विकास फार्म, चित्लाङ

साझाकुरा

हाम्रो कुरा

पृथ्वीनारायणको सम्झना

२०६२/०६३ को राजनीतिक परिवर्तन अघिसम्म वर्षेनि मनाइँदै आएको राष्ट्रिय एकता दिवस त्यसपछि ओझेलमा पर्दै गएको छ । अहिले मुलुकमा राजतन्त्र नभएर संघीय गणतान्त्रिक शासन व्यवस्था छ । यसकारण राजाको जन्मदिनलाई दिवसको रुपमा किन मनाउने भन्ने तर्क पनि उठ्ने गरेको छ । एक हिसाबले यो तर्क सही भए पनि इतिहासको कुनै समयमा कमजोर अवस्थामा रहेका सानासाना राज्यहरु एकीकरण भई बलियो देश नेपाल बनेको कारण एकता दिवस मनाउनु सान्दर्भिक हुने देखिन्छ । विश्वका विभिन्न देशहरु अन्य देशको अधिनस्थ भएर स्वतन्त्र भएको खुशीयालीमा स्वतन्त्रता दिवस मनाउने गरेको भए पनि नेपाल कहिल्यै अन्य देशको अधिनमा नबसेको हुँदा हामीले एकता दिवसलाई एउटा राष्ट्रिय दिवसको रुपमा मनाउनु आवश्यक देखिन्छ ।

नेपालमा अहिले राष्ट्रले घोषित गरेको र मान्यता दिएको एकता दिवस मनाउने कुनै दिन छैन । राज्यको पुन:संरचना गरी संघीयतामा गएर नयाँ नेपाल बनाउने कुरा जति भएका छन्, व्यवहारमा त्यो सार्थक बन्न सकेको छैन । बरु वर्तमानका राजनीतिक गतिविधिहरु राष्ट्रिय एकताको आधार खडा गर्ने र सूत्र बलियो बनाउनेतिरभन्दा राष्ट्रिय सद्भाव नै खलबल्याएर राष्ट्रको अस्मितामाथि नै धावा बोल्ने दिशातिर उन्मुख छन् ।

दुई सय ९४ वर्षअगाडि सानो गोर्खा राज्यमा जन्मिएका पृथ्वीनारायण शाहले बाइसे चौबीसे राज्यमा विभाजित नेपाललाई पुन:एकीकरण गरी विशाल नेपाल राज्यको निर्माण गर्न नायकीय भूमिका खेलेको प्रेरणादायी इतिहासलाई बिर्सन सकिँदैन । विखण्डित राज्यहरुलाई एकीकरण गरी स्वतन्त्र राज्यका रुपमा यसको अस्तित्व जोगाइराख्न पृथ्वीनारायण शाहले खेलेको ऐतिहासिक भूमिकाकै कारण आज हामी नेपाली भएर चिनिन सकेका हौं । त्यसैले वर्तमान राज्यव्यवस्थाले इतिहासको जगेर्ना गर्न पनि एकता दिवस मनाउनु सान्दर्भिक हुनेछ ।

विगतमा मनाइँदै आएको राष्ट्रिय एकता दिवसलाई राज्यस्तरबाट मान्यता दिएर मनाउने वातावरण सिर्जना गर्नु आवश्यक छ । पृथ्वीनारायण शाह राजा भएकै कारण उनले गरेका असल कामलाई अवमूल्यन गर्नु उचित हुँदैन । राष्ट्रिय एकता दिवसको अपरिहार्यतालाई सबैले बुझ्नु पर्छ । राष्ट्रिय एकता दिवसलाई राज्यले मान्यता दिएर नेपालीहरुबीच रहेको धार्मिक, सांस्कृतिक, जातीय, भाषिक, क्षेत्रीय, वर्गीय विविधतावीच एकता कायम गर्न प्रोत्साहन हुनेछ । यसले मुलुकमा राष्ट्रिय पुन:जागरण कायम गर्दै राष्ट्रियता र राष्ट्रिय अखण्डता रक्षामा पनि सहयोग पुग्ने आशा गर्न सकिन्छ ।

कांग्रेस महाधिवेशनको विहंगावलोकन



मुकुन्दराज पौडेल

पार्टीको वैधानिकतामा नै प्रश्न उठ्ने बाध्यात्मक परिस्थिति उत्पन्न भएपछि मात्र मुलुककै पुरानो लोकतान्त्रिक पार्टी नेपाली कांग्रेसले हालै आफ्नो १४ औं महाधिवेशन सम्पन्न गरेको छ । अझ यथार्थ त के हो भने देशभित्र र विदेशमा छहिने महाधिवेशन प्रतिनिधि आफ्नो अनुकूल चुनिएर आउने ग्यारेन्टीसरी भएपछि मात्र महाधिवेशन हुने वातावरण बनेको थियो । स्वाभाविकरूपमा त करिब डेढ वर्ष पहिले नै नेपाली कांग्रेसको महाधिवेशन सम्पन्न भैसक्नु पर्ने थियो । त्यस अवस्थामा नेतृत्व एवं आन्तरिक गुट उपगुटको गठबन्धन अहिलेको भन्दा पक्कै फरक हुनेथियो ।

झिनै र बाध्यतावश गर्नुपरेको भए पनि महाधिवेशन सम्पन्न भएकोमा कांग्रेसजनले पनि केही सन्तोष अनुभव गरेको हुनुपर्छ । हुन त पार्टी नेतृत्वले समयमा महाधिवेशन सम्पन्न गर्न नसक्नुमा आफ्नोमात्र कमजोरी नभएर विश्वभर फैलिएको कोरोनाको कहरबाट नेपाल पनि जोगिन नसकेको र देश असामान्य परिस्थितिमा रहेको कारण तेर्स्याएर पानीमाथि ओभानो हुने कोसिस पनि गरेको छ । उनीहरूलाई हेक्का हुनुपर्ने हो यही कोरोना कहरका बीचमा पनि धेरै देशमा थुप्रै चुनाव भए र सत्ता पनि परिवर्तन भएका छन् ।

अमेरिकामा पनि कोरोनाको महामारीका कारण ठूलो आर्थिक, सामाजिक र मानवीय क्षति हुँदाहुँदै पनि राष्ट्रपतिको चुनाव भयो । चर्को विरोध, विवाद र कोरोना कहरकै बीच डोनाल्ड ट्रम्पले चलाएको सत्ता चुनावबाटै जो बाइडेनको हातमा पुग्यो । भारतमा पनि कतिपय स्थानीय, प्रान्तीय तथा संघीय संसदका रिक्त स्थानमा महामारीकै बीचमा उपचुनाव गरिएको थियो । देशकै ठूलो लोकतान्त्रिक पार्टी नेपाली कांग्रेसको नेतृत्व तह पार्टीको आन्तरिक लोकतन्त्रका नाप्ति किन यति उदासीन बन्यो होला भुइन कठिन छ । लाग्छ कुनै पनि बहानामा महाधिवेशन सार्न अनिवार्यतामा छिइ रहेको भए सायद अहिले पनि महाधिवेशन हुँदैन थियो ।

यतिबेला त नेतृत्वकै वैधानिकता संकटमा परेको थियो । त्यसैले अनिम घडीमा महाधिवेशन गर्न बाध्य भयो कांग्रेस नेतृत्व । कमसेकम वैधानिक संकट त टरयो नि भनेर पनि कांग्रेसजन त्यसैमा रमाएर बसेका छन् । कांग्रेसलाई जनप्रिय बनाउन भने सायद यतिले मात्र पुग्नेछैन । महाधिवेशनपछि नयाँ नेतृत्वको कधिमा ठूलो जिम्मेदारी त आएको छ । तर चुनावपछि नेतृत्वमा पुगेका व्यक्तिका अभिव्यक्ति सुन्दा तिनले त्यो दायित्व महसुस गरेको खासै देखिँदैन । अझ कतिपय त हारजितको झड्का, विजयेम्मार र परजित मानसिकतामा देखिन्छन् ।

पार्टीभित्रको विकृती र विसंगतिलाई परास्त गर्नु पर्ने प्रमुख दायित्वतर्फ महाधिवेशनपछि अझै गएको छैन । भ्रष्टाचार र महँगीले देश आक्रान्त छ । माफिया, बिचौलिया र दलालबाट घेरिएको छ राजनीतिक नेतृत्व । सरकार र प्रशासनयन्त्रमा देखिएको विकृति हटाउने उचित कदमको कुनै सम्भावना अझै देखिन्न । यत्रो ठूलो महाधिवेशनमा नीति, सिद्धान्त र आदर्शमा कुनै छलफल र विमर्श भएन । यस अवस्थामा सुधार हुन वर्तमान नेतृत्व पहिले आफैं रूपान्तरित हुन जरुरी देखिन्छ तर त्यसको छनकसम्म पनि देखिन्न । शासन सत्ता जनचाहनाअनुसार चलुपर्ने हुन्छ । जनतालाई सेवा सुविधा दिएर जनताका हक र अधिकार सुनिश्चित गर्नु पनि उति नै आवश्यक हुन्छ लोकतान्त्रिक व्यवस्थाका सञ्चालक प्रमुख दलहरूले । त्यसमा नेपाली कांग्रेसले अगुवाइ गर्न कति सफल हुनसक्छ ? त्यो हेर्नु पर्नेछ । हालै सम्पन्न महाधिवेशनपछि प्राय: सबै प्रमुख दलमा नयाँ नेतृत्वमा अधिकांशत: उनै पुराना अनुहार देख्दा जनअपेक्षा अनुसारको परिवर्तन हुनेमा विश्वस्त हुनसक्ने देखिएन ।

बरु पुरातनपन्थी भनेर जानिएको राष्ट्रिय प्रजातन्त्र पार्टीले भने ठूलै फड्को मारेको छ । अग्रगामी नारा दिएर नचाक्ने दलहरू भन्दा कथित पश्चगामी भनिएको पार्टी नै बरु अग्रगामी देखियो । यस घटनाले ठूला भनिने दल र तिनका नेतालाई अलिकति भए पनि लज्जाबोध हुनुपर्ने हो । तर, ठूला दल र तिनका नेता फेरि उही कर्मकाण्डी शैलीमा चल्ने हुन् कि भन्ने चिन्ता जनमानसमा देखिन्छ । कांग्रेसजनमा त एक किसिमले निराशा नै व्याप्त छ यति महत्वपूर्ण महाधिवेशन सम्पन्न हुँदा पनि ।

नेपाली कांग्रेसका हकमा भने यसपटकको महाधिवेशनमा नव युवाको प्रवेश उल्लेख्य रह्यो । आशालाग्दा दुर्जन्मा युवा नेता गगनकुमार थापा र विश्वप्रकाश शर्मा अथवा गरिएकोमिम नै महत्वपूर्ण अली महत्वपूर्ण कर्मकारी पदमा निर्वाचित हुन पुगे । नेतृत्वमा यी दुईको आरोहणले केही आशा जगाएको र पार्टीभित्र एक प्रकारको रक्तसञ्चार भएको देखिन्छ । उनीहरू आफैंले नै भन्दै आएअनुसार साबिकमा देखिएको गतिहीनता र अकर्मण्यता चिर्न कांग्रेस पार्टी र युवा नेतृत्व सफल भए भने भबिष्यको एउटा बाटो स्पष्ट हुने थियो । करिब आधाआधी संख्यामा युवा र नयाँ अनुहार निर्वाचित भए आएका छन् ।

अपेक्षा गरिएअनुसार यो सुखद पक्ष त हो तर सँगै युवाका नाममा के कस्ता उम्मेदवार निर्वाचित भए आए भन्ने विषय पनि उति नै विचारणीय विषय हो । निर्वाचित युवा पंक्तिमा एउटा तह भने भष्टाचार, खानपिन, नेताको चाकडी, व्यापारी र ब्युरोक्रेटहरूसँग साँठगाँठ गरेर आफ्नो बन्दोबस्तीमा निर्लिप्त समूह पनि छ । पार्टीमा लामो समयसम्म काम गरेका, सिद्धान्त निष्ठ, दु:खकष्ट भोगेका, जेलनेल र त्याग तपस्या गरेका अधिकांश नेता तथा कार्यकर्ता पराजित हुनु र अझ कतिपय त चुनाव लड्ने तामत र परिस्थिति नभएकै कारण पाखा पर्दै गरेकाले पनि पार्टी भबिष्यमा अनपेक्षित दिशातिर जाने हो कि भन्ने संशय पनि देखिदैछ । भोलिका दिनमा त्यसको व्यवस्थापन पनि पार्टीका लागि अर्को चुनौती हुने देखिन्छ । पुन:स्थापित नेतृत्वले आगामी दिनमा सिड्डो पार्टी र मुलुकलाई कसरी अघि बढाउने योजना अघि सार्ला ? आफैंभित्रको गुट उपगुटबाट थलिएको पार्टीलाई गुटभन्दा माथि रहेर विधिसम्मत र न्यायसंगत तरिकाबाट चलाउन कसरी सफल होला ? यस्ता कैयौं प्रश्न यथावतै छन् । यसका लागि लामै समय पर्खेर हेर्नुपर्नेछ । विगतमा बिग्रेको साख फर्काएर कांग्रेसको नेतृत्व कुनरूपमा स्थापित र सफल हुनसक्छ भन्ने पनि निर्धारण हुनेछ आगामी दिनमा । यतिखेर नयाँ नेतृत्वका सामु चुनौती र अवसर दुवै खडा छन् ।

समय चक्रांएर गरिएको कांग्रेस महाधिवेशनमा विभिन्न बिल्लामा क्रियाशील सदस्यता वितरण र नवीकरण विवाद समाधान नै नगरिँदा धेरै कार्यकर्ता चुनावमा सहभागी हुनबाट वञ्चित रहन पुगेका छन् । यो ज्यादै दु:खद पक्ष रह्यो । देश विदेशबाट आउने प्रतिनिधिमा पनि कतिपय देशबाट सहभागिता हुन नसक्नु र आउन सफल देशका प्रतनिधि पनि एकतर्फी वा संस्थापन इतरलाई सदस्यता फारमसमेत भर्न नदिएरै एकलौटी प्रतिनिधिलाई मान्यता दिएर र अझ कतिसम्म भने विदेशको नागरिकता लिएकालाई समेत मिसाएर विवादित बनाइयो ।

यस्तै महाधिवेशनकै संघारमा आइपुग्दासम्म पनि कतिपय जिल्लाका विवाद नटुंगिएकाले कार्यकर्ताहरू पार्टी अफिसमा अनशन बस्नुपर्ने अवस्था पनि आयो । तैपनि सुनुवाइ भएन । यस अवस्थाले दिएको पीडाको घाउ निको हुन सायद अर्को अधिवेशनसम्म पीडित कांग्रेसजनले कुर्नुपर्ने होला । नीति बहस ओझेलमा परेको यस अधिवेशनमा नेतृत्वको ध्यान निर्वाचनमा आफू विजयी कसरी हुने भन्नेमै केन्द्रित रह्यो । नेपाली कांग्रेसले नयाँ विधानअनुसार प्रतिनिधित्व व्यापक गरेको छ ।

तर, थप भएको क्रियाशील सदस्यता वितरण र नवीकरण भने विवादमुक्त रहन सकेन । महाधिवेशनकै संघारमा प्रधानमन्त्री हुने अवसर पाएका पार्टी सभापति शेरबहादुर देउवा र उहाँको समूहबाट सकिय सदस्यता वितरण र नवीकरणमा बढी हस्तक्षेप र सत्ताको दुरुपयोग भयो भन्ने आक्षेप पनि पार्टीभैंतबाट सार्वजनिक भाएको छ । तैपनि कांग्रेस महाधिवेशनमा होमियो नै । हुन त पार्टी सभापतिका प्रत्याशीमध्येका तीनजना नेताले निकै पहिले देखिनै देश दौडाहा गर्नुभएकै हो । सभापति शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल तथा डा. शेखर कोइराला यस दौडमा अघि देखिनु भयो ।

यसैबीच इतर समूहमा एकल उम्मेदवार छनोट गर्ने प्रयास भने अन्तिम अवस्था हुँदासम्म पनि सफल हुन सकेन । जति गर्दा पनि इतर पक्ष सफल हुन नसकेपछि चुनावी परिवेश भिन्नरूपमा प्रकट भयो । एकल उम्मेदवारका लागि सहमति जुट्दैन भने आफू चुनावी प्रतिस्पर्धाबाट बाहिरिन्छु भनि पहिले नै उद्घोष गरेबमोजिम नै वरिष्ठ नेता रामचन्द्र पौडेल अमिलो मन लिएर चुनावी दौडबाट बाहिरिन पुग्नुभयो ।

अन्य प्रत्याशीमध्ये नेताद्वय प्रकाशमान सिंह र विमलेन्द्र निधिले सभापतिमा शेरबहादुर देउवालाई समर्थन गर्दा डा. शेखर कोइराला र सभापति शेरबहादुर देउवाबीच प्रतिस्पर्धा भयो । करिव नौ सय मतान्तरमा देउवा निर्वाचित हुँदा वरिष्ठ नेता रामचन्द्र पौडेलले भने आफू राजनीतिमा सकिय नै रहने उद्घोष गर्दै यस पटकको चुनावी प्रक्रियामा तटस्थ रहेको बताउनुभयो । यसै १३ औं महाधिवेशनमा दोश्रो चरणमा पुरोपछि कृष्ण सिटौलाले देउवाको समर्थन गर्नाले पौडेल पराजित हुनपुगे भएको थियो भने यसपटक सिटौलाको भूमिका उल्लेख्य रहेन । पार्टी भित्रको समीकरण पनि केही हदसम्म बदलिन पुग्यो । डा. शशांक कोइरालालगायत केही अन्य नेता सभापतिको चुनावमा तटस्थ रहनुभयव ।

हरेक महाधिवेशनमा नीति र कार्यक्रममा व्यापक छलफलपछि नेतृत्व चुनावी मैदानमा सरिक हुन्थ्यो भने यसपटक त्यसो भएन । हरेक जीवन्त र लोकतान्त्रिक पार्टीमा सैद्धान्तिक र नीतिगत बहस बाल्द्धनीय हुन्छ । तर कांग्रेसले त्यो अवसर यसपटक गुमायो । सत्ताकांक्षी प्रमुख दल नेपाली कांग्रेसले विनानीति तथा कार्यक्रम नै महाधिवेशन सम्पन्न गरेकोमा सर्वत्र आलोचित हुन पुग्यो पनि ।

दलका नीति तथा कार्यक्रम भनेको भावी सरकारको नीति र कार्यक्रमको लागि मार्गचित्रका रूपमा पनि लिइन्छ । त्यसमा चुक्यो कांग्रेस यसपटक । यस महाधिवेशनमा अर्को रोचक प्रसंग पनि सामुन्नेमा आयो । सभापतिका प्रत्याशी डा. शेखर कोइरालाले जननायक बीपी कोइरालाले टाटा मेमोरियल अस्पतालबाट आफ्ना भाइ अर्थात् डा. शेखर कोइरालाका पिता श्रद्धेय केशव कोइरालालाई लेख्नु भएको चिट्ठी सार्वजनिक गरियो ।

डा. कोइरालाले आफ्नै भाइ शशांक र बहिनी सुजाताले नै त्यस पत्रको मर्मलाई बुझेनन् र महाधिवेशनमा जोगिन्ले आफूलाई सहयोग गरेनन् भन्ने गुनासो सार्वजनिकरूपमै गर्नुभयो । यसलाई कतिपयले त्यति मीठो मानेनन् । यो पारिवारिक गुनासोलाई कोइराला निवासमै बसेर मन्थन गर्न सकिन्थ्यो होला । त्यसो नगर्दा कोइराला परिवारको परम्परा र संस्कारसँग मेल नखाएको महसुस भयो । अनि केही समय अघिसम्म विरासतले अब राजनीति चल्दैन, कमले चल्छ भन्दै आउनु भएका शेखरको आफ्नै भन्नु झण्डित भए उक्ति पनि विरासतको सहारा लिन कोचेको असो देखियो ।

भाइ बैनीले आफ्नै विवेकको मत जाहेर गरे । शेखरले यसरी चित्त दुखाइ सार्वजनिक गर्दा कोइराला परिवारभैंभ आनारिक बेमेल यति चर्को भइसकेकै हो भन्ने शंका उत्पन्न भएको छ । जेहोस, नेपाली कांग्रेस पार्टीले यो वर्ष नयाँ नेतृत्व प्राप्त गरेको छ तर मिश्रितरूपमा । अब आगामी निर्वाचमा ध्यान केन्द्रित गर्दै कांग्रेसले विगतको गुटबन्दीभन्दा माथि उठेर विजयी पराजयी सबै साथीहरुको साथ लिएर अघि बढ्न नेतृत्व केन्द्रित हुनु जरुरी छ ।

पार्टीका सभापतिले केन्द्रीय सदस्य मनोनयन र राष्ट्रियसभा सदस्यका लागि उम्मेद्वार छनोटमा एकतर्फी गरेको गम्भीर आरोप अर्को समूहले लगाउन थालिसकेको छ । यसले कांग्रेसमा पहिलेदेखि चलिआएको गुटगत राजनीतिको तुस आगामी दिनमा पनि कायमै रहने संकेत देखाएको छ ।

त्यसैले आगामी दिनमा आपसी समझदारीसँगै विगतका तीतालाई भुलेर अघि बढुनु नेपाली कांग्रेसका लागि हितकर हुनेछ । लामो समयदेखि सत्ताभित्र र बाहिर बसेर जनतालाई भुलभुलैयामा पारिरहेका सक्कली, नक्कली, अवसरवादी र 'कस्मेटिक' राष्ट्रवादी कम्युनिस्टहरूलाई सबक सिकाउने बेला आएको नेपाली कांग्रेसको नेतृत्व पंक्तिले मनन गरोस् ।

- साभार: बाह्रखरी

'ओमिक्रोन फोबिया'!

डा. शेरबहादुर पुन

झण्डै डेढ महिनाको विश्व भ्रमणपछि ओमिक्रोन छिमेकी देश भारतमा आइपुगेको र फैलने गतिमा तीव्रता दिएको छ । नेपालमा पनि शुक्रबारमात्र स्वास्थ्य मन्त्रालयले विज्ञप्ति जारी गर्दै कोरोना संक्रमितका नमूनाहरूमध्ये एक चौथाइमा एस-जीन नेगेटिभ देखिएको र त्यसमध्ये २४ जनाको जीन सिक्वेन्सिङ्ग सबैमा ओमिक्रोन पुष्टि भएको बताइएका गरेको छ । अर्थात् झन्डै संक्रमितहरूमध्ये एक चौथाइमा ओमिक्रोनले अघिल्लो भेरियन्टलाई प्रतिस्थापन गरेको देखिन्छ ।

पुस महिनाभरि संकलन गरिएका २२ प्रतिशतमा ओमिक्रोन देखिंदा पनि संक्रमितहरूमा जटिल अवस्था देखिएर अस्पताल भर्ना हुने चाप वा मृत्युदरमा भने उल्लेखनीय वृद्धि भएको भने देखिएन । डेढ महिनायताका अध्ययन, अनुसन्धान र विभिन्न देशहरूमा ओमिक्रोन अनुभवलाई आधार मान्ने हो भने ओमिक्रोन विजुली गतिमा फैलन सक्ने तर घातकता भने डेल्टाभन्दा कम साबित भैसकेको छ । स्वास्थ मन्त्रालयले प्रस्तुत गरेको तथ्यांकले पनि त्यही संकेत गर्छ । तर यी सबैका बाबजुद 'ओमिक्रोन फोबिया' फैलँदो क्रममा छ । भारतमा बढ्दो संक्रमण र नेपालमा ओमिक्रोन भेरियन्टको सरप्राइज उपस्थितिले तेह्रो लहरको संकेत गर्दछ । तर त्यो लहर संक्रमितको संख्यामा मात्र सीमित हुने हो कि मृत्युदरको अनुपातलाई पनि बढाइदिने हो भनेर हेर्न जरुरी हुन्छ । यी दुई लहरलाई फरक तरिकाले हेर्नुपर्ने आवश्यकता ओमिक्रोन भेरियन्टले देखाएको हकैंतको कारणले हो ।

त्यो भनेको 'विद्युतीय गतिमा फैलने तर घातकता भने कम' हुनु हो । ओमिक्रोनले यही विशेषता डेल्टाभन्दा फरक लिएर आएको देखिन्छ । यस्तो फरक विशेषता सृजना हुनुमा विभिन्न कारण हुन सक्दछ । दोश्रो लहरपछि खोप लगाउनेको संख्या बढ्नु, धेरैजना संक्रमित भैसकेको हुनु अथवा ओमिक्रोन भेरियन्टमा व्यापक म्युटेसन हुनु आदि जस्ता हुनु सक्दछ ।

यद्यपि ओमिक्रोन अघिल्लो भेरियन्टभन्दा कम घातकको कारकको बारेमा भने वैज्ञानिक अनुसन्धान जारी नै छन् । भारतमा हाल कोरोना संक्रमितको संख्याले दैनिक एक लाख पार गरेको देखिन्छ । तर कडा लक्षण लिएर अस्पताल भर्ना हुनेको संख्याको अनुपात भने धेरै कम देखिएको छ । अन्तर्राष्ट्रिय समाचारमा जनाइएअनुसार मुम्बईमा देखिएका संक्रमितहरूमध्ये झन्डै ९० प्रतिशतमा लक्षण नै थिएन (वा सामान्य थियो) भने ८ प्रतिशतमात्र अस्पताल भर्ना भएका थिए । भारतको राजधानी नयाँ दिल्लीमा संक्रमितको संख्या दोब्बरले बढेको भएता पनि कोभिड विरामीका लागि छुट्याइएका बेडको ७ प्रतिशतमात्र भरिएको भनिएको छ ।

बेलायतमा पनि ओमिक्रोन संक्रमितको संख्या हत्ताहत्ती बढेर अधिकतम दैनिक २ लाखभन्दा बढीसम्म देखिएको थियो तर मृत्युदर भने संक्रमितको अनुपातमा स्थिर देखिन्छ । इम्पेरियल कलेज लन्डनले गरेको अनुसन्धानले ओमिक्रोन संक्रमितहरू डेल्टाको तुलनामा झन्डै २५ प्रतिशतले अस्पताल जाने अवस्था कम भएको र एक वा सोभन्दा बढी दिनको अस्पताल बसाइ ४५ प्रतिशतले कमी देखाएको थियो ।

ओमिक्रोनले व्यापक प्रभाव पारेको अर्को युरोपली देश फ्रान्स हो । त्यहाँ दैनिक झन्डै ३ लाखभन्दा बढीसम्म संक्रमण पुष्टि भएको छ जुन अघिल्लो लहरभन्दा झन्डै चार गुणाले बढी हो तर मृत्युदर भने त्यसको ठिक उल्टो तीन गुणाले कम देखिन्छ । ओमिक्रोनको घातकता अरू भेरियन्टहरूभन्दा कम देखिएको भएता पनि जोखिम भने यथावत् नै छ ।

विशेषत खोप नलगाएका वा पहिले संक्रमित नभएकाहरू ओमिक्रोनको जोखिममा देखिन्छन् । युरोप, अमेरिका तथा दक्षिण अफ्रिकाको अनुभवअनुसार अस्पताल भर्ना हुनेहरूमा खोप नलगाउनेहरूको वर्चस्व नै देखिन्छ । बालबालिकाहरूमा खोप अभियान ढिला सुरू हुँदा उनीहरू ओमिक्रोनको चपेटामा परेको देखिन्छ । दक्षिण अफ्रिकामा गरिएको अनुसन्धानले ओमिक्रोनको कारणले अस्पताल भर्ना भएका १३ वर्ष मुनिका बालबालिकामध्येमा ६२ प्रतिशत ५ वर्ष मुनिका थिए । त्यो अनुसन्धान हुँदासम्म १२ वर्ष माथिका बालबालिकालाई मात्र खोप लगाउन सुरू गरिएको थियो अर्थात् भर्ना भएका लगभग सबै बालबालिकाले खोप लगाएका थिएनन् । पछिल्लो समय अमेरिकामा पनि ओमिक्रोन संक्रमित बालबालिकाहरू अस्पताल भर्ना हुने क्रम बढेको समाचार आइरहेका छन् । त्यहाँ पनि बालबालिकामा खोप लगाउन सुरू गरेको धेरै भएको छैन अर्थात् अधिकांशले खोप लगाइसकेका छैनन् ।

नेपालमा पनि १२ वर्ष माथिका बालबालिकामा सुस्त गतिमा भए पनि खोप त सुरू गरिएको छ, तर ओमिक्रोनले नेपालमा अचानक उपस्थिति जनाउँदै गर्दा र तीव्र गतिमा फैलने क्षमता भएकोले खोप लगाउनुपूर्व व्यापक फैलिए संक्रमणको जोखिममा पर्न सक्दछन् ।

हाल विद्यालयहरू पूर्ण रूपमा सुचारू भैसकेको र स्वास्थ्यका मापदण्ड सही तरिकाले पालना नगर्दा ओमिक्रोनको जोखिमलाई थप बढाया दिएको छ । अन्तमा, ओमिक्रोन विगतमा देखिएका भेरियन्टहरूभन्दा कम घातक भएको अनुसन्धान नतिजा, विभिन्न देशका अनुभव तथा विश्वभरमा देखाएको भए पनि नेपलमा भने 'ओमिक्रोन फोबिया' ले हत्ताती उचाइ लिएको छ । तर ओमिक्रोननाई पूर्णरूपमा बेवास्ता/नजरअन्दाज गर्न भने हुन्न ।

खोप नलगाएकाहरूमा ओमिक्रोनको जोखिम भने कायमै रहेको छ । जति धेरैलाई संक्रमण भयो त्यति नै संख्यात्मक हिसाबले अस्पताल भर्ना हुनसक्ने सम्भावनालाई नकार्न सकिँदैन । तसर्थ ओमिक्रोन व्यापक नफैलियोस् र अस्पतालमा जटिल विरामीको चाप/मृत्युदर कम गर्न खोप अभियानमा सबैको 'अर्जुन दृष्टि' हुन अति जरूरी छ ।

(डाक्टर शेरबहादुर पुन शुक्रराज ट्रपिकल तथा सस्था रोग अस्पतालको क्लिनिकल रिसर्च युनिटका संयोजक हुन् ।) *- साभार: सेतापाटी*

महत्वपूर्ण टेलिफोन नम्बरहरु

मक्वानपुर प्रहरी	
प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
बडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी:	९७४२५९५०१
चिल्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४५०४
नेवारपानी चौकी:	९७५५००००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा	
नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७५९८४५०४०००
मनहरी रेडक्रस:	९८४५१०८८२१
छत्तिवन रेडक्रस:	९८६१६२२११०
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बडबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२४८८७, ९८४५१९१९८
बसामाडी एम्बुलेन्स:	९८४५२९७८७
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाइ बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा

भोलिको पात्रो

भोलि वि.सं. २०७८ पुस २८ गते बुधबार १२ जनवरी २०२१ । पुस शुक्ल दशमी । पोहेलाथ्व दशमी ११४१ । सूर्योदय ६:५५ र सूर्यास्त ५:२८ मा हुनेछ ।

आजको राशिफल

मेष	: आफन्तजन भेट	तुला	: अध्ययनमा बाधा
वृष	: मित्रजन भेट	वृश्चिक	: धन प्राप्ति
मिथुन	: प्रेममा सफलता	धनु	: शत्रुबाट मुक्त
कर्कट	: शुभ कार्यको थालनी	मकर	: धन नष्ट
सिंह	: सुख प्राप्ति	कुम्भ	: मिष्ठान्न भोजन
कन्या	: यात्राको योग	मीन	: आलस्यता

कालीञ्चोकमा हिउँ खेल्नेको भीड

कालीञ्चोक (रासस)/ दर्जनौं हिमालका सिमिपमा रहेको कालीञ्चोक धार्मिक दृष्टिले मात्र नभई प्राकृतिकरुपमा पनि मनोरम छ । समुद्र सतहबाट तीन हजार ८४२ मिटरको उचाइमा रहेको दोलखा जिल्लाको कालीञ्चोकमा यतिबेला आन्तरिक तथा बाह्य पर्यटकको भीड बाक्सी छ । केही समय अगाडि कालीञ्चोकसहित आसपासमा बाक्सो हिमपातका कारण यहाँ आउने संख्यामा वृद्धि भएको छ । सोही कारण कुरी बजारले पर्यटक थान्नै सकेको छैन । हिउं खेल्न साथै अग्लो पहाडमा उभिएकी कालीञ्चोक भगवतीको दर्शन गर्न आउने पर्यटक बाक्लिएका छन् । कालीञ्चोक कुरी बजारमा रहेको डिकी होटेलका सञ्चालक राम तामाङ भन्छन्, "हिमपात पूर्वभन्दा हिमपातपछि पर्यटकको चाप धेरै हुने गरेको छ ।

हिउं पर्नुभन्दा अघि यतिको संख्यामा पर्यटक आउने गरेका थिएनन् । आफ्ना पर्यटकलाई सजिनैसँग सेवा दिन सकिन्थ्यो । अहिले पर्यटकको चाप बढेसँगै धेरै खटनुपरेको छ । शुक्रवार त झन् थामिसक्नु हुँदैन ।" कालीञ्चोक भगवती मन्दिर परिसर साथै वरपरबाट आँखै अगाडि देखिने गौरीशंकर, दोर्जेलाक्पा, रोल्वालिङ, जुगल, लाङटाङलगायतका हिमशृङ्खलाको कारण पनि कालीञ्चोकको सुन्दरतामा सुनमा सुगन्ध थपिएको छ ।

हिमालै हिमालको बीच र हिउँमै हिउंको पहाडमा रहेकी कालीञ्चोक भगवतीको दर्शनमा भने युवाभन्दा बढी पाको उमेरका भक्तजन आउने गरेका छन् । काठमाडौंबाट कालीञ्चोक आएकी रमिता रेग्मी भन्छन्, "नजिकैबाट आजसम्म हिउं देखेको थिइन् । हिमपात भयो भने समाचार आउने बित्तिकै साथीहरू मिलेर घुम्न आएका हौं । हिउँसँग खेलेर अघाएपछि कालीञ्चोक भवतीको दर्शन गर्ने र फर्कनै योजना छ ।" यसै राम्रैझैंपथाट कालीञ्चोक आएका पदम कार्की भन्छन्, "हिउँमै हिउंको पहाड हेर्न र खेल्नको लागि कालीञ्चोक आएको बतौंछन् । उनी भन्छन् आँखै अगाडि यतिधेरै हिउंमा रमाउन पाएको पहिलोपटक हो ।" क्कलीञ्चोकमा भगवतीको दर्शन गर्न आउनेको संख्याभन्दा हिउं खेल्न र रमाइलो गर्न आउने धेरै हुने गरेका छन् । त्यसमध्ये पनि जोडीसहित आउने युवायुवती बढी देखिन्छन् ।

कुरी बजार नपुग्दै हिउं परेका पहाडमा सयौंको संख्यामा युवायुवती भुम्मिएको देख्न सकिन्छ । जेठ असारमा हरियालीकी मनोरम दृश्य देखिने कालीञ्चोक हिउँमा हिउंमै दपथक ढाक्ने गरेको छ । अधिकांश युवा हिउं खेल्नका लागि कालीञ्चोक आउने गरेको स्थानीय होटल व्यवसायी बताउँछन् । विगतको भन्दा अहिले कुरी बजारमा दर्जनौं सुविधायुक्त होटल खुलेका छन् । जसले गर्दा कालीञ्चोक आउने पर्यटकको लागि विगतको जस्तो आवासको चिन्ता गर्नुपर्ने छैन ।

अनलाइन मार्फत कालीञ्चोकको होटल पनि बुकिङ गर्न सकिने स्थानीय होटल व्यवसायी बताउँछन् । हिउं परेपछि आउने पर्यटकका गाडीले तीन किलोमिटर सम्म ट्राफिक जाम हुने गरेको छ । बिदामा परिवार र साथीभाइसहित कालीञ्चोकमा पर्यटक आउँछन् । मन्दिर पनि दर्शन गर्ने र रमाइलोसँग मनोरम दृश्यावलोकनसमेत गर्न पाइने हुँदा कालीञ्चोकमा पर्यटक क्रमशः वृद्धि भइरहेका छन् । विशेष गरी जनैपूर्णिमाका दिन ठूलो मेला लाग्ने यस क्षेत्रमा बडादसैंमा देवीको दर्शन गर्न निकै भीड हुन्छ । कुरीदेखि कालीञ्चोक मन्दिरसम्म केबुलकार मार्फत सजिलै पुग्न सकिने भएको हुँदा ज्येष्ठ नागरिक तथा बालबालिकालाई समेत सहज भएको छ । कालीञ्चोक भगवतीको दर्शनले मनोकोक्षा पुरा हुने, परिवारमा सुख-समृद्धि हुने, शत्रु पराजित हुने, निरोगी हुने, विश्वास रही आएको छ ।

कसरी पुग्ने कालीञ्चोक ?

काठमाडौंबाट करिब १३८ किलोमिटरको यात्रा पछि कालीञ्चोक कुरी बजार पुगिन्छ । सो यात्रा गर्न पौंचेंखि छ घण्टासम्म लाग्ने गर्छ । भक्तपुर, काभ्रेको बनेपा, पाँचखाल, दोलालघाट, सिन्धुपाल्चोकको सुकुटे, खाँडीचौर, मुडे र दोलखाको खरिडुङ्गा, चोयाङ देउराली हुँदै कालीञ्चोक पुगिन्छ । चरिकोटबाट १७ किलोमिटरको यात्रा पछि कालीञ्चोकको कुरी बजार पुग्न सकिन्छ ।

हिउं परेको समयमा देउरालीसम्म मात्रै गाडी पुग्दछ । त्यसपछि पैदल वा त्यहाँको स्थानीयले सञ्चालन गरेको टाक्सी चेन लगाएको बोलेरो जिपको सहायताले कुरी बजार पुग्न सकिन्छ । कुरीबाट केबुलकार मार्फत भगवतीको मन्दिरमा पुग्न सकिने व्यवस्था पनि छ ।

यसको लागि नेपालीमा प्रतिटिकट ५०० तिर्नुपर्ने हुन्छ । विद्यार्थी र ज्येष्ठ नागरिकको लागि भने २५ प्रतिशत छुट छ । कुरीबाट कालीञ्चोक मन्दिरसम्म हिंडेर जानको लागि एक घण्टाभन्दा बढी समय लाग्दछ ।

अभिनेता प्रभासका अब कुन-कुन फिल्म आउँदै छन् ?



'बाहुबली' फिल्मबाट भारतभर मात्र होइन, संसारका अरू पनि धुप्पै देशका दर्शकमाझ दक्षिण भारतीय अभिनेता प्रभास चिनिन सफल भए ।

बाहुबलीका दुई भागले उनको चर्चा र करियरको शिखर एकैपटक चुमेयो । बाहुबलीको काम चलुञ्जेल उनी कुनै फिल्ममा देखा परेनन् । बाहुबलीका दुवै भाग आइसेकपछि भने उनी श्रद्धा कपूर सँग 'साहो' देखिए । साहोले राम्रै कमाइ गरे पनि सुपरहिट भने हुन सकेन ।

यो वर्ष प्रभासको नयाँ फिल्म 'राधेश्याम' आउने तयारीमा थियो । तर कोरोना महामारीका कारण यो फिल्म भनेको समयमा रिलिज हुन सकेन । भारतीय सञ्चारमाध्यमहरूका अनुसार यो वर्ष प्रभासको आउँदो फिल्म यो मात्र होइन । उनका थप केही फिल्म सन् २०२२ र सन् २०२३ सम्ममा आउँदै छन् । प्रभासले सबभन्दा पहिले चर्चा पाएको भने फिल्म 'डार्लिङ' बाट हो । सन् २०१० मा रिलिज भएको डार्लिङमा दुई बालसखाको कथा छ । पारिवारिक फिल्म भएकाले यो धेरै दर्शकमाझ पुग्न सफल भयो । यसपछि उनले धुप्पै एक्सन फिल्म पनि खेले । पछिल्लो साहोमा पनि भरपूर एक्सनमै छन् । तर राधेश्याममा उनी फेरि प्रेमी भएर फर्केका छन् । यसपछि प्रभासको अर्को फिल्म आउँदैछ- आदिपुरुष । यो रामायणको कथामा आधारित छ । आदिपुरुषपछि उनी 'सलार' मा फेरि एक्सन हिरो भएर फर्किँदै छन् । यति मात्र होइन, उनी 'प्रोजेक्ट के' र 'स्पिरिट' मा पनि देखिँदै छन् । उनका यी फिल्म अलग विधाका हुन् ।

- साभार: सेतोपाटी

उज्ज्वल थापा फाउन्डेसन स्थापना

काठमाडौं (रासस)/ नागरिक समानता र उद्यमशील समाज निर्माणमा क्रियाशील रहेका युवा नेता स उज्ज्वल थापाको स्मृतिमा उज्ज्वल थापा फाउन्डेसन स्थापना गरिएको छ ।

नीति निर्माण, नेतृत्व विकास र अभियान सुदृढीकरणमा योगदानका निम्ति मानवीय क्षमता विकास गरी सहभागितामूलक, सहकार्यमा आधारित, दिगो र द्रुत सामाजिक रूपान्तरण हासिल गर्न, यस फाउण्डेसनको उद्देश्य रहेको छ । उज्ज्वल थापाको गत जेठ १८ गते कोभिडका कारण निधन भएको थियो ।

फाउण्डेसनमार्फत नेतृत्व विकासमा सहजीकरण गर्ने स्थानीय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय नीति निर्माणमा योगदान पुऱ्याउने सामाजिक अभियान सञ्चालन गर्ने, नागरिकको चेतना बढाउने, न्यायपूर्ण समाज र राष्ट्र निर्माण गर्ने उद्यमशीलताको प्रवर्द्धन गर्ने पर्यावरणीय हितका क्षेत्रमा काम गर्ने शिक्षा, स्वास्थ्य, कृषि, सूचना प्रविधिलगायत अन्य क्षेत्रको प्रवर्द्धन गर्ने लक्ष्य रखिएको फाउण्डेसनका अध्यक्ष एरिका अधिकारीले जानकारी दिए । फाउन्डेसनको स्थापना गर्नु अगाडि उज्ज्वलका परिवार, साथी तथा शुभेच्छुकहरूले उज्ज्वलको उपचारका लागि विभिन्न देशबाट झण्डै तीन हजार जनाले प्राप्त गरेको रकमबाट उपचार खर्च कटाएर बचेको ४२ लाखभन्दा बढी रकम विभिन्न सात वटा गैरसरकारी/ गैरनाफामूलक संस्थालाई वितरण गरिएको उनले बताए ।

प्रधानमन्त्री कप क्रिकेटमा आर्मीको जीत

काठमाडौं-प्रधानमन्त्री कप टी-ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगितामा सात्विक विजेता त्रिभुवन आर्मी क्लब विजयी भएको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको उद्घाटन खेलमा आर्मीले कर्णाली प्रदेशलाई ५३ रनले परास्त गर्दै विजयी भएको हो ।

जीतका लागि आर्मीले कर्णाली प्रदेशलाई ११७ रनको लक्ष्य दिएको थियो । जवाफमा कर्णाली प्रदेश १४ दशमलव चार ओभरमा सबै विकेट गुमाएर ५३ रनमा समेटियो । कर्णाली प्रदेशका लागि कप्तान रविन्द्र शाहीले सर्वाधिक १५ रनको योगदान दिए भने अर्जुन घतीले १६ रनको योगदान दिनुबाहेक अन्य खेलाडीले दोहोरो अंक जोड्न सकेनन् । प्रकाश जैसीले आठ रन जोडे भने निश्चल रावलले दुई तथा दिनेश अधिकारी, रविन्द्र शाही र राज शाहले एक/एक विकेट लिए । सोमबारदेखि सुरु भएको उक्त प्रतियोगितामा विभिन्न १० टोली सहभागी छन् । प्रतियोगितालाई दुई समूहमा विभाजन गरिएको छ । समूह 'ए' मा आर्मी, कर्णाली प्रदेश, पुलिस क्लब, सुदूरपश्चिम प्रदेश र प्रदेश नं १ रहेका छन् ।

त्यस्तै समूह 'बी' मा शसस्त्र प्रहरी बल (एपिएफ) क्लब, प्रदेश नं २, बागमती प्रदेश, लुम्बिनी प्रदेश र गण्डकी प्रदेश रहेका छन् । दुवै समूहका विजेता र उपविजेता टोली सेमिफाइनलमा प्रवेश गर्नेछन् । प्रतियोगिताको फाइनल खेल भने आगामी माघ ५ गते हुनेछ ।

शिक्षक अस्पताल भरतपुरमा प्रस्ताव

चितवन (रासस)/ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निर्माण गर्न लागेको शिक्षक अस्पताल भरतपुर महानगरपालिकामा बनाइन महानगरले प्रस्ताव गरेको छ । महानगरपालिकाको वडा नम्बर १५ भगवानपुरमा आवश्यक जग्गा उपलब्ध गराउन महानगर तयार भएको हो ।

मन्त्रालयले पूर्वसम्भाव्यता अध्ययन र जग्गाको पहिचान गर्न समिति बनाएर काम अघि बढाएको थियो । भरतपुर महानगर प्रमुख रेनु दाहालका अनुसार भगवानपुरमा आठ विघा, १६ कठ्ठा जग्गा उपलब्ध गराउन आवश्यक निर्णय गरी आवश्यक कागजपत्र मन्त्रालयमा पेस गरियो ।

महानगरपालिकाले प्रमुख जिल्ला अधिकारीसहित जिम्मेवार सरोकारवालासमेत बसेर सो जग्गा शिक्षक अस्पतालका लागि उपलब्ध गराउने सहमति गरेको हो । सहमतिपत्रमा शिक्षक अस्पताल स्थापनाका लागि महानगरपालिकाको सहमति प्रदान गर्ने निर्णय भएको जानकारी गराइएको छ ।

सहमतिपत्रसँगै सार्वजनिक जग्गाको फिल्ड बुकर नक्सा, प्रविधिक (नापी कर्मचारी)को स्थलगत नापजाँच प्रतिवेदन, वडा नम्बर १५ को सहमतिपत्र र महानगरपालिकाको निर्णय प्रतिलिपिसहित पेस गरिने दाहालले जानकारी दिए । देशकै केन्द्र भागमा रहेकाले चितवन उपयुक्त हुने सरोकारवालाको भनाई छ । महानगर प्रमुख दाहालले भने, "शिक्षामन्त्री ज्युले राजधानी पछिको मेडिकल सिटी र देशको मध्यभागमा पर्ने भएकाले भरतपुर उपयुक्त हुन्छ भन्नेमा छन् ।" स्वयम् मन्त्री र सरोकारवालाले पनि भरतपुरलाई उपयुक्त ठानेका छन् ।

महानगरपालिकामा शिक्षक अस्पताल बनेपछि यो शिक्षण अस्पताल हुने उनको भनाइ छ । यसले यहाँको समग्र विकासमा समेत सहयोग पुग्ने उनी बताउँछन् । महानगरले प्रस्ताव गरेको क्षेत्र पूर्वप्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को निर्वाचन क्षेत्र हो । स्वयम् प्रचण्डसमेत भरतपुरमा शिक्षक अस्पताल बनाइने कुरामा सकारात्मक भएर लागेका महानगर प्रमुख दाहालले जानकारी दिए ।

भरतपुरमा क्यान्सर अस्पताल, दुई ठूला मेडिकल कलेज, संघीय सरकारी अस्पतालको सुविधा भएकाले काठमाडौं बाहिर आउँदै गर्दा भरतपुरजस्तो उपयुक्त ठाउँ अन्यत्र नहुने उपप्रमुख पार्वती शाह ठकुरीले बताए । उनले भने, "सबै हिसाबले शिक्षक अस्पताल भरतपुरमा उपयुक्त हुन्छ ।" शिक्षा मन्त्रालयले डा विमल चालिसेको संयोजकत्वमा पूर्वसम्भाव्यता अध्ययन र जग्गा पहिचान समिति बनाएको थियो । समितिका सदस्य शिक्षक महासंघका सहसंयोजक पूर्णप्रसाद दवाडीले समितिले हेरेका अन्य क्षेत्रका तुलनामा भरतपुरको जग्गा उपयुक्त रहेको बताए ।

उनले भने, "अन्यत्र पनि नराम्रो छैन । सबै हिसाबले भरतपुर अरु राम्रो छ ।" समितिले चितवनसँगै मकवानपुरको चित्लाङ र भक्तपुरको जगती र गुन्हुलाई सम्भावित भन्दै प्रस्ताव गरेको थियो । केही दिनमा प्रतिवेदन बुझाउने तयारीमा समिति रहेको उनले जानकारी दिए । समितिले नवलपरासी, मकवानपुर, सप्तिपुर, काठमाडौंमा संक्षे जग्गा हेरेको थियो ।

समितिले जग्गा हेर्नु पूर्व पेसागत संघसंगठनसँग छलफलसमेत गरेको दवाडीले जानकारी दिए । अधिकांशले मध्यभाग भएकाले भरतपुरलाई रुचाइएको जनाइएको छ । भरतपुर महानगरपालिकाका शिक्षा महाशाखा प्रमुख महेन्द्रप्रसाद पौडेलले समितिले भनेको भन्दा धेरै जग्गा एकै ठाउँमा मिलेको भरतपुर उपलब्ध गराउन सहमत भएको जानकारी दिए । सबै हिसाबले भरतपुर उपयुक्त हुने उनी बताउँछन् । शिक्षा मन्त्रालयले सुरुमा ३०० शय्या र क्रमशः शय्या थप गर्दै लैजाने योजना बनाएको छ । अस्पतालसँगै व्यवस्थित कुरुवा घर बनाइँदै छ ।

नेप्सेमा दोहोरो अंकको वृद्धि

काठमाडौं (रासस)/ द्वितीयत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक पनि दोहोरो अंकले उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से १९.४३ अंकले उकालो लागेर दुई हजार ७८४.९५ मा पुगेको छ । ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ३.१६ ले बढेर ५२२.५३ मा पुगेको छ ।

कुल २३६ कम्पनीको एक करोड ४२ लाख ८८ हजार १३० किता शेयर सात अर्ब १२ करोड ३४ लाख २४ हजार ३५ मूल्यमा कारोबार भयो । सोमबारको कारोबारपछि बजार पूँजीकरण ३९ खर्ब ३४ अर्ब २८ करोड २४ लाख ५० हजार बराबर पुगेको छ । नेप्सेका अनुसार कारोबार भएका कुल १३ उपसमूहमध्ये तीन उपसमूहको शेयर ओरालो लागेको छ भने १० उपसमूहको शेयर भने उकालो लागेको छ । बैंकिङ १४.२८, होटल तथा पर्यटन ३७.७१ र उत्पादन ४७.७८ ले ओरालो लागेको छ । ब्याषार ५.७११, विकास बैंक ३७.५८, जलविद्युत ४०.७९, वित्त ७८.०९, निर्जीवन बीमा १९०.६५, अन्य ११३.४, लघुवित्त १२.२५, जीवन बीमा २१८.२, सामूहिक लगानी कोष ०.२२ र लगानी ०.९४ अंकले उकालो लागेको छ ।

नेप्सेका अनुसार कारोबारका आधारमा गुर्खाज फाइनान्स शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको २२ करोड ७७ लाख ४० हजार ९१७ बराबरको कारोबार भएको छ । नेपाल दूरसञ्चार प्राधिकरण २१ करोड ८२ लाख ८४ हजार, एचआइडिसिएल २१ करोड तीन लाख ७४ हजार ६६४, अपि पावर कम्पनी १९ करोड २८ लाख १४ हजार ९९७ र नेशनल हाइड्रोपावर १८ करोड ९४ लाख ४६ हजार २१८ बराबरको कारोबार भई शीर्ष स्थानमा रहे ।

नेप्सेका अनुसार मध्यभोटेकोशी जलविद्युत कम्पनी र युनियन हाइड्रोपावरको शेयरमा सकारात्मक सर्किट लागेको छ । कपोरेट डेभलपमेन्ट बैंक ९.९८, खानीखोला हाइड्रोपावर ८.२० र हिमालयन ऊर्जा विकास कम्पनीका रेखरयुनीले ८.०५ प्रतिशतले कमाए ।

सिमसार संकुचनले घटे जलपन्छी

काठमाडौं (रासस)/ मुलुकका विभिन्न सिमसार क्षेत्रमा यतिबेर चराको चहलपहल बढ्दो छ । यही समयमा सिमसार क्षेत्रमा आश्रित रैथाने तथा आगन्तुक चराको विवरण र अवस्था पत्ता लगाउन एवं संख्या अद्यावधिक गर्न जलपन्छीको गणना जारी छ ।

सन् १९८७ देखि हरेक वर्ष जनवरी १ देखि दुई हप्तासम्म गरिने जलपन्छी गणनामा स्वयंसेवी, पन्छी अवलोकनकर्ता, स्थानीय बासिन्दा, सरोकारवाला निकाय र संरक्षण सैसंस्थाको सहभागिता हुने गर्छ । सिमसारको संरक्षणमा काम गर्ने अन्तर्राष्ट्रिय संस्था 'वेटल्याण्ड इन्टरनेशनल'ले विश्वव्यापीरुपमा यसको नेतृत्व गर्छ भने नेपालमा 'हिमाली प्रकृति'ले समन्वय गर्छ । चरा संरक्षणकर्मीका अनुसार विगतको तुलनामा चराको प्रजातिमा कमी नदेखिए पनि संख्यामा भने कमी आएको छ । ताल, तलाउ, पोखरी, नदीनाला, जलाशय, सिञ्चित खेत, जल क्षेत्रको घाँसे मैदान जस्ता सिमसार क्षेत्रमा प्रजनन गर्ने, चरन गर्ने र आफ्नो अधिकांश समय व्यतीत गर्ने आश्रित चरालाई जलपन्छी वा पानी चरा भनिन्छ ।

राप्ती नदी र चितवन आसपास क्षेत्रमा जलपन्छी गणनामा संलग्न 'बर्ड एजुकेशन सोसाइटी'का अध्यक्ष रमेश चौधरीले यसपालि सो क्षेत्रमा केही नयाँ प्रजाति चरा देखिए पनि संख्या भने घट्दो अवस्थामा रहेको बताए ।

सो क्षेत्रमा गत वर्ष ५५ प्रजातिका नौ हजार ५६५ फेला परेका थिए । उनका अनुसार बासस्थानमा बढ्दो मानवीय गतिविधि, जलस्रोतमा विषादीको प्रयोग, अवैध चरा शिकार तथा व्यापार, बर्दलिंदो तापमान र मौसम परिवर्तन जस्ता कारणले पनि जलपन्छी विस्थापित हुँदै गएका छन् । उनले यकिन तथ्यांक भने सबै गणना सम्पन्न भएपछि मात्रै भन्न सकिने बताए ।

संरक्षित क्षेत्र र आसपासका मध्यवर्ती क्षेत्रमा गरिने गणनामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले पनि मातहातका निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्रमार्फत गणनामा सहयोग गर्दै आएको छ । दुई हप्तासम्म चल्ने यस गणनामा ३०० भन्दाबढी अवलोकनकर्ता सहभागी छन् ।

नेपालमा अभिलेख भएका ८८९ प्रजातिका चरामा २०० हाराहारी जलपन्छी छन् । तिनमा पनि झण्डै १०० प्रजाति हिउँदे आगन्तुक चरा हुन् । रुस, काजाकिस्तान, तुर्कमेनिस्तान, उज्बेकिस्तान, अजरबैजान, चीन, मंगोलियालगायत तिब्बती क्षेत्रबाट नेपाल आउने पाहुना चरा यहाँका सिमसारमा अनकूल मौसम, सुरक्षित वासस्थान र चरन क्षेत्रमा हिउँद बिताउँछन् ।

यसरी जाडो छल्न आउने हिउँदे आगन्तुक चराले प्रमुख सिमसार क्षेत्र कोशीटप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, पोखराका ताल, बीसहजारी ताल, जगदीशपुर ताल, घोडाघोडी ताल, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा कोसी, गण्डकी, नारायणी नदी र त्यसका सहायक नदीमा समय बिताउँछन् ।

यी चरा नेपाल आउनेक्रम भदौ मध्यदेखि पुस मध्यसम्म जारी हुन्छ । चैतसम्ममा प्रायः चरा आफ्नो स्थायी बसोबासस्थलमा प्रजननका लागि फर्कन्छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ

प्रिन्टर किन्दा एउटा कार्टेज सिरैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

२० वर्षपछि हेटौंडामा कोटीहोम महायज्ञ

यहि पुस १५ गतेदेखि पुस २७ गतेसम्म हाम्रै हेटौंडाको श्री रामभक्त हनुमान सेवा समिति हेटौंडा-१० गोरक्षेश्वर हनुमान मन्दिर राप्ती तटमा मुख्य वाचक युवा सन्त श्रीनिवासाचार्यज्यूको मुखारविन्दबाट कथा प्रवचन साथै विभिन्न धर्म सम्प्रदायका प्रखर गुरुहरुद्वारा कथा, प्रवचन, सपात कोटीहोम, विविध ज्ञान महायज्ञ हुने हुँदा सम्पूर्ण नगरवासीज्यूहरुमा हार्दिक आमन्त्रण गर्दछौं ।

हाम्रा कार्यक्रमहरू:

पुस १५ गते पन्चग्धाम पन्चासेबाट अग्नि ल्याई आरती कृष्णदीप प्रज्ज्वलन गरिएको ।

कलश यात्रा :
पुस २० गते बिहान १०:०० बजेसम्म ।

दैनिक हवन :
बिहान ६:०० बजेदेखि ११:०० बजेसम्म ।

दैनिक प्रवचन :
बिहान १२:०० बजेदेखि ५:०० बजेसम्म ।

दैनिक आरती :
साँझ ५:०० बजेदेखि ६:०० बजेसम्म ।

भजनकीर्तन :
दैनिक साँझ ६:०० बजेदेखि ७:०० बजेसम्म ।

आयोजक:

श्री रामभक्त हनुमान सेवा समिति, हेटौंडा
धर्मसभा विश्वहिन्दु महासंघ अन्तर्राष्ट्रिय
गोरक्षेश्वर क्षेत्र विकास समिति

नेता बानियाँले बाँडे विकटका जनतालाई न्यानो कपडा

साझाकुरा संवाददाता

हेटौंडा/नेपाली कांग्रेस बागमती प्रदेशका सभापति तथा प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर बानियाँले आफ्नो निर्वाचन क्षेत्रअन्तर्गत मकवानपुरको विकट राक्सिराङ गाउँपालिका जनतालाई न्यानो कपडा बाँडेका छन् ।

विपन्न चेपाङ तथा तामाङ परिवारलाई सोमबार गाउँमै पुगेर बानियाँले न्यानो कपडा बाँडिका हुन् । स्थानीय चेपाङ तथा तामाङ समुदायका बाडोबाट प्रभावित राक्सिराङ-४ रतुवाका ४ सय ७५ घरपरिवारलाई न्यानो कपडा वितरण गरिएको हो ।

कांग्रेस राक्सिराङ-४ का वडा सभापति विकास ब्ल्योनको सभाध्यक्षता तथा नेपाली कांग्रेस बागमती प्रदेश सभापति बानियाँको प्रमुख आतिथ्यतामा रतुवाका ४ सय ७५ घरपरिवार र राक्सिराङस्थित सुर्योदय माविको छात्रावासका विद्यार्थीहरुलाई ४० थान न्यानो

कपडा कम्बल वितरण गरिएको हो । बाँकी १ सय ८५ थान न्यानो कपडा अवस्था हेरेर स्थानीयलाई वितरण गर्न कांग्रेस राक्सिराङका सभापति वीरेन्द्र जिम्बालाई हस्तान्तरण गरेको थियो ।

कार्यक्रममा बोल्दै नेता बानियाँले आफूले निर्वाचन जितेर गएपछि यसभेगका जनतालाई सहयोग गरिरहेको र आगामी दिनमा पनि सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए । अघिल्लो वर्षहरुमा समेत जाडोमा न्यानो कपडा, कोरोना समय र चाडबाडमा खाद्यान्न वितरण गरेकोले यसवर्ष पनि जाडोमा कठ्याङठिएर रात बिताउन बाध्य चेपाङ तथा तामाङ बस्तीमा धेरै भएपनि राहत पुग्ने आफ्नालले न्यानो कपडा वितरण गरिएको उल्लेख गरेका ।

नेता बानियाँले आफूले निर्वाचित भए गएपछि यस क्षेत्रका सडक, बाटोहरुमा बजेट हालेर काम गरिरहेको बताउँदै मनहरीबाट परेवाभिर हुँदै मलेखु जोड्ने सडक निर्माणमा आफ्नो ध्यान केन्द्रीत रहेकाले चाँडै नै स्थानीय जनताले आफ्ना बारीमा उब्जनी भएका तरकारी खाद्यान्न बजारम्म पुऱ्याएर बिक्रीकोपर्जन गर्न सहज हुने बताए ।

न्यानो कपडा वितरण कार्यक्रममा प्रतिनिधिसभा २ का संघीय सभापति लोक मोक्तान, काठमाडौं क्षेत्र नम्बर २ का क्षेत्रीय सभापति कबिर शर्मा, महाधिवेशन प्रतिनिधि उपेन्द्र काकी, कांग्रेसका जिल्ला सदस्य एवम् राक्सिराङ गाउँपालिका अध्यक्ष रामकुमार मल्ल, जिल्ला सदस्य एवम् राक्सिराङ-८ का वडाध्यक्ष रामकृष्ण प्रजा, राक्सिराङ गाउँपालिका सभापति विरेन्द्र जिम्बा, मनहरी गाउँपालिका सभापति प्रकाश बर्तौला, राक्सिराङ गाउँपालिका उपाध्यक्ष निर्मला घिमिङ्ग, राक्सिराङ गाउँपालिका-४ का तथा सभापति हिरालाल भ्योनलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

सोमबार २० जना कोरोना संक्रमित थपिए

मकवानपुरमा तत्काल लकडाउन नहुने, परीक्षा संचालन भइरहेका विद्यालय बन्द नहुने

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा कोरोना भाइरस संक्रमण पुन: बढ्दो दरमा छ । दिनप्रति दिन कोरोना संक्रमितको संख्या बढ्दो देखिन्छ ।

सोमबार ८५ जनामा कोरोना परीक्षण गर्दा २० जनामा संक्रमण पुष्टि भएको छ । ४२ जनाको पीसीआर विधिबाट परीक्षण गर्दा १३ जनामा र ४३ जनाको एन्टिजेन विधिबाट परीक्षण गर्दा सात जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

संक्रमण पुष्टि हुनेमा हेटौंडा उपमहानगरपालिकाका १३ जना र मनहरी गाउँपालिकाका सात जना रहेका छन् । योसँगै जिल्लामा हालसम्म कोरोना संक्रमण पुष्टि हुनेको कुल संख्या १५ हजार ६ सय ४४ जना पुगेको छ ।

सोमबार दुई जना कोरोनामुक्त भएका छन् । योसँग जिल्लामा कोरोना जितेको कुल संख्या १५ हजार ३ सय ३२ पुगेको छ । जिल्लामा हाल ७९ जना कोरोना

भीडभाड नगर्न प्रशासनको आग्रह

हेटौंडा/मकवानपुरमा दिनप्रति दिन कोरोना संक्रमण दर बढ्न थालेपछि जिल्ला प्रशासन कार्यालयले भीडभाड नगर्न आग्रह गरेको छ ।

प्रशासनले विज्ञप्ती जारी गर्दै संक्रमण दर बढ्देसँगै स्वास्थ्य सुरक्षा माध्यमद्वारा अपनाएर फेरी बढ्न थालेको भन्दै भीडभाड हुने गतिविधि नगर्न अपिल गर्दै मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले सोमबार सूचना जारी गरेका छन् ।

'कोभिड-१९ को संक्रमण बढ्दो क्रम रहेको सन्दर्भमा यस जिल्लाभित्र कोभिड-१९ न्यूनीकरण गर्न र जनजीवन सामान्य तुल्याइर हल बढी भीडभाड हुने गतिविधि नगर्न, नगराउन हुन, भौतिक दूरी

कायम राख्न एवम् मास्कको प्रयोग गर्न, गराउन हुन र सबै क्षेत्रहरुमा जनस्वास्थ्यका माध्यमद्वारा पूर्णरुपमा भाइरस संक्रमणका सक्रिय संक्रमित रहेका छन् । जसमध्ये चार जना पालना गरी उच्च सतर्कता अपनाउन अपिल छ', प्रशासनले जारी गरेको सूचनामा उल्लेख छ ।

संस्थागत आइसोलेसनमा र ७५ जना होमआइसोलेसनमा उपचाररत छन् ।

राजदेवी दुग्ध सहकारीको साधारणसभा सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-१७ राजेदवीमा रहेको राजेदेवी दुग्ध उत्पादक सहकारी संस्थाको २७ औं वार्षिक साधारणसभा सोमबार सम्पन्न भएको छ ।

साधारणसभामा संस्थाका अध्यक्ष रामप्रसाद तिमल्सिनाले संस्थागत प्रतिवेदन, लेखा सुपरिवेक्षण समितिका संयोजक रमेश कुमार पराजुलीले लेखा समितिको प्रतिवेदन, ऋण उपसमितिका संयोजक टिका कार्कीले ऋण उपसमितिको प्रतिवेदन, शिक्षा उपसमितिकी संयोजक सरस्वती पुडासैनीले शिक्षा उपसमितिको प्रतिवेदन र व्यवस्थापक घनश्याम दाहालले आव. ०७७/०७८ को लेखापरिक्षण प्रतिवेदन र चालु आव. ०७८/०७९ को लागि ६ करोड २६ लाखको अनुमानित आयव्यय विवरण पेश गरेका थिए ।

साधारणसभामा असली बचतकर्तामा शारदा तिमल्सिना र अर्जुन आचार्य, गुप्तलरीय दूध बिक्रीमा कमला परियार र बढी दूध बिक्री गर्नेमा बलराम अधिकारी, टिका कार्की, र सावित्री सञ्जेललाई पुरस्कृत गरिएको थियो ।

विद्यार्थीलाई स्वेटर सहयोग

हेटौंडा/मकवानपुरको मकवानपुरगढी-५ स्थित सरस्वती आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थीलाई स्वेटर वितरण गरिएको छ ।

हेटौंडा-२, बुद्धचोकस्थित साई कलेक्सनका सञ्चालक एवम् समाजसेवी रविन्द्र घिमिरेले बुबा विश्वनाथ उपाध्याय घिमिरेको स्मृतिमा सोमबार विद्यालयमा अध्ययनरत सबै विद्यार्थीलाई स्वेटर सहयोग गरेका हुन् । विपन्न बालबालिकाका लागि ४० हजार रुपैयाँ बराबरको स्वेटर वितरण गरिएको सहयोगी घिमिरेले बताए ।

राजेदेवी बचत तथा ऋण सहकारीका अध्यक्ष मधुसुदन न्यौपानलगायतले मन्तव्य व्यक्त गरेका थिए । सहकारी संस्थामा ३ सय ८३ जना शेयर सदस्यहरु रहेका छन् ।

प्रकृति सकिए जीवन सिद्धिन्छ ।
त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं।
वनजङ्गल, नदीनाला, पहाडपर्वत, जडीबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड



गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४७७७१६६४, ९८५५०३१६६४

सकियो फ्रेन्डसीप क्याम्प

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको पूर्वी क्षेत्र बागमती गाउँपालिका-१ स्थित सूर्य माध्यमिक विद्यालयमा तीन दिने फ्रेन्डसीप क्याम्प सकिएको छ ।

स्थानीय पालिका स्काउट संरक्षक एवम् बागमती गाउँपालिका अध्यक्ष नर्जेश घलानको प्रमुख आतिथ्यतामा क्याम्पको समापन भएको हो । क्याम्पमा सूर्य माबि बागमती १, सुनौला माबि थाहा १, जनकल्याण माबि थाहा ३, देवकी माबि बागमती ५ र बागमती माबि बागमती २ गरी पाँच विद्यालयबाट १६६ जना विद्यार्थी सहभागी थिए ।

क्याम्पमा संचालित प्रतियोगिताहरुमा नटिंगतर्फ देवकी स्काउट प्रथम, सूर्य स्काउट दोस्रो र सुनौला स्काउट तेस्रो भएको थियो । नृत्य प्रतियोगितामा जनकल्याण स्काउट प्रथम, सुनौला स्काउट दोस्रो र सूर्य स्काउट तेस्रो भएका थिए । हाजिरीजवाफ प्रतियोगिता र मार्च पासमा सुनौला स्काउटले प्रथम स्थान हासिल गर्न सफल भयो ।

तीन दिने क्याम्पमा टेन्सल, बाँकिङ अन द ब्याम्बो, टच द टार्गेट, टायर क्रिसिङ, बिम क्लाम्बिङ, सुपर म्यान, ओमेगा जम्प, मंकी ब्रिज, टायर चिम्नी लगायतका गैर प्रकारका साहसिक खेलहरुको अभ्यास गराइएको थियो । घलानले विद्यालयस्तरमा स्काउट संचालन गर्न आवश्यक आर्थिक सहयोग गर्ने प्रतिबद्धता जनाए ।

डबल ब्ल्याकमा कफि पिउँदा स्कुटर जित्ने अफर !

साझाकुरा संवाददाता

हेटौंडा/डेढ सय रुपैयाँको कफि पिउँदा साढे २ लाख बराबरको स्कुटर र बिसौं हजार पर्ने मोबाइल पाइने अफर बारे थाहा पाउनु भएको छ ?

हेटौंडामा भर्खरै खुलेको डबल ब्ल्याक खाजाले कफि पिउँदा स्कुटर, मोबाइल र पैसा जित्ने अफर ल्याएको छ । यो अफर काठमाडौंमा लागू भइरहेको थियो । अब डबल ब्ल्याकले हेटौंडामै पहिलो पटक कफि पिएर स्कुटर, मोबाइल र ५० हजार रुपैयासम्म पैसा जित्ने अफरको फ्रेन्चाइज ल्याएको छ ।

स्कुटरदेखि मोबाइल र पैसा जित्ल डेढसय रुपैयाँको 'अपाज' कफि पिउनु पर्नेछ । कफि पिएपछि डबल ब्ल्याक खाजाले उपलब्ध गराउने कुपन स्क्याच गरेपछि अफर खुलेको बेला पुरस्कार पाए/नपाएको थाहा पाउन सकिन्छ ।

अरु करिब डेढ महिनापछि खुलेर डबल ब्ल्याक खाजाका सञ्चालक किशोर बुरोलेले जानकारी दिए । डबल ब्ल्याक खाजा हेटौंडा-१, चौकीटोलस्थित सडक छेउमै छ । पुरानो बसलाई खाजा घरको रुपमा प्रयोग गरिएको छ । बसभित्रै बनाइएको खाजा घरमा बसेर कफि पिउँदै स्कुटर, मोबाइल र पैसा जित्न सकिने खाजा घरका सञ्चालक डुंगेलले बताए । उनका अनुसार एउटा कुपनले हिरो कम्पनीको प्लेजर स्कुटी, वन प्लस मोबाइल र पैसामध्ये एउटा पुरस्कार पाइने छ ।

पैसा १-१ जनाले ५० हजार र २० हजार, ३ जनाले १० हजार, ३ जनाले ५ हजार र ५ जनाले ३ हजार पाउने छन् । 'कफि खाएपछि कुपन आउँछ । त्यो कुपनको नम्बर ओपाज कफि हाउसको वेभसाइटमा अपडेट गरेपछि अफर खुल्दा पुरस्कार पाइने छ ।,' सञ्चालक डुंगानले भने । डेढ सय रुपैयाँको कफि पिउँदा २० रुपैयाँ अनाथ बालबालिकाको सहयोगमा लगाउने डुंगेल बताउँछन् ।

गत १० मसिरबाट डबल ब्ल्याक खाजा खुलेको थियो । खाजा घरले विशेषत: नेवारी खाजा उपलब्ध गराउँदै आएको छ । सञ्चालक डुंगेलले रिकर्विक, बर्फेडे र क्यामफायरको व्यवस्थापन पनि मिलाउँदै आएको बताए । डुंगेल र झुनेन्द्र श्रेष्ठले २० लाख लागतमा खाजा घर खुलेका हुन् । यहाँ एक पटकमा १८ जना सेवाग्राही अटाउने छन् ।

भैरब आधारभूत विद्यालयमा न्यानो कपडा

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-१ भैरबढाँडास्थित भैरब आधारभूत विद्यालयमा अध्ययनरत् विद्यार्थीहरुलाई सोमबार न्यानो कपडा वितरण गरिएको छ ।

द सन अफ लाइटको सहयोगमा विद्यालयमा अध्ययनरत् ५५ जना विद्यार्थीहरुको लागि न्यानो कपडा ट्रयाक सुट र टी-सर्ट वितरण गरिएको विद्यालयका प्रधानाध्यापक रमेश सुवेदीले जानकारी दिए ।

उनका अनुसार वडा अध्यक्ष सबिन न्यौपानेद्वारा हेटौंडा-६ चौघडा निवासी राजु गुरुङको समन्वयमा द सन अफ लाइटले न्यानो कपडा वितरण गरेको हो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्याम सुनारको सभाध्यक्षता तथा लाइटका अध्यक्ष शान्तारत्न शाक्यको प्रमुख आतिथ्यता तथा वडाध्यक्ष सबिन न्यौपानेको विशेष अतिथ्यतामा न्यानो कपडा वितरण गरिएको हो । कार्यक्रममा लाइटका महासचिव सुरेशमान महर्जन, सोनी गुरुङ, यज्ञरत्न धाख्वा, शीशिर खड्गी लक्ष्मी गिरी, राजभाई बज्राचार्य, दीपेन्द्र बज्राचार्य र नविना श्रेष्ठलगायतको सहभागिता थियो ।

न्यानो कपडा पाएपछि विद्यार्थीहरु निकै हर्षित भएका थिए । न्यानो कपडा वितरण गर्दै लाइटका अध्यक्ष शाक्यले संस्थाले वितरण गरेको न्यानो कपडाले विद्यार्थीहरुको अध्ययनमा टेवा पुग्ने बताए । उनले अभिभावकहरुलै पनि आफ्ना नानीबाबुको स्वास्थ्य र अध्ययनमा विशेष ध्यान दिनुपर्ने बताए ।

वडाध्यक्ष न्यौपानेले सहयोगी संस्थालाई धन्यवाद दिँदै सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई यस्ता सहयोगले अध्ययनमा थप हौसला मिल्ने बताए ।

कार्यक्रममा शिक्षक सुमित्रा देवकोटा, समाजसेवी कमलचन्द्र सुमनलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

विपन्नमा कमलचन्द्रको नेतृत्व

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-११ सिमलटारस्थित विपन्न सहकारी संस्था लिमिटेडको ११ औं साधारण सभाबाट कमलचन्द्र भुर्तेल (सुमन)को नेतृत्वमा ११ सदस्यीय कार्यसमिति चयन गरिएको छ ।

सहकारीको उपाध्यक्षमा तिताराम श्रेष्ठ, सचिवमा पेमा दोर्जे घिसिङ, सह-सचिवमा आशा दर्लामी मगर, कोषाध्यक्षमा लक्ष्मी भण्डारी चयन भएका छन् ।

साधारणसभामा उपस्थित हुनेबारे सूचना

यस सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २०७८ पुस ३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार **तेश्रो वार्षिक साधारणसभा** सम्बन्धी कार्यक्रम निम्न मिति, समय र स्थानमा आयोजना गरिने र उक्त साधारणसभाको पत्र पठाइसकिएको छ । पत्र प्राप्त नभएमा यसै सूचनालाई आधारमानी अनिवार्य उपस्थितिका लागि अनुरोध छ । साथै तपशिलका विषयहरुउपर गहन छलफल गरी उचित निर्णय गर्नुपर्ने भएकाले यहाँको सक्रिय सहभागिताको समेत अपेक्षा गर्दछु ।

साधारणसभा सम्बन्धि कार्यक्रम:
मिति: २०७८ पुष ३० गते शुक्रबार
स्थान: ॐ बुद्धाश्रमको सभाहल हेटौंडा-२ चौकीटोल
समय: बिहान ११:३० बजेदेखि ५:०० बजेसम्म ।

छलफलका विषयहरु:
१) संचालक समिति र उपसमितिका प्रतिवेदनहरु छलफल र पारित ।
२) आ.व.२०७८/०७९ को बजेट तथा कार्यक्रम छलफल र पारित ।
३) आ.व.२०७७/७८ को ले.प.प्रतिवेदन छलफल र पारित ।
४) आ.व.२०७८/७९ को लेखापरीक्षक नियुक्ति र परिश्रमिक निर्धारण ।
५) विद्यान संशोधन ६) विविध ।

सचिन ज्योपाले (सचिव)
सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेड
हेटौंडा-१ चौकीटोल

HETAUDA CITY HOSPITAL PVT.LTD.
Hetauda-1, Sub-metropolitan
Phone:
057-520315

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Staff Nurse	Few	14000-18000	PCL/NHPC registered
2	Lab Technologist	1	18000-25000	BMLT/NHPC registered
3	CMA/ANM	Few	Negotiable	TSLC

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

खुल्यो ! खुल्यो
नयाँ व्यवस्थापनका साथ
अमलेखगञ्जको जस्तै
लोकल कुखुरालगायत
मासुको आइटमको मीठो स्वाद
अब होटल म्याक्समा
होटल MAX
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७

साझाकुरा
www.sajhakuranews.com
"तपाईं हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सचिन ज्योपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोस्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना